# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.: ५५६

मितिः २०८०।६।११

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल अशोज ९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत

बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चांपागाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८० साल अशोज ९ गते मंगलबार दिनको २:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | का.वा. सदस्य (वडा नं. २) | श्री रामकृष्ण खत्री | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | अनुपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | अनुपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | सहयाक स्तर पाँचौ (प्रशासन) | श्री यादव खनाल | उपस्थित |

छलफलका विषयहरू:

१. अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रसम्मको सडक स्तरोन्नती बनेपा ११, चण्डेश्वरी द्वयबास सडक स्तरोन्नती बनेपा वडा नं. ५ र ३ का योजनाहरूको स्रोत सुनिश्चितता सम्बन्धमा,
२. वडा नं. १२ अन्तर्गत भैसेपाटी बाँसडोल सडकको म्याद थप गर्ने सम्बन्धमा,
३. खानेपानीको नयाँ धारा जडान सम्बन्धमा,
४. शौचालयको ठेक्का सम्झौता सम्बन्धमा,
५. नेपाल प्रहरी विद्यालय साँगाको राजश्व सम्बन्धमा,
६. कोल्ड स्टोर निर्माण सम्बन्धमा,
७. विविध।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. चालु आ.व. २०८०।०८१ मा स्वीकृत तपसिलमा उल्लेखित योजनाहरु कार्यान्वयनका लागि लागत स्टिमेट तयार भई पेश हुँदा विनियोजित रकम भन्दा बढी रकम लाग्ने देखिएकाले देहाय बमोजिम श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | बजेट श्रोत | | कुल स्टिमेट रकम | अपुग रकम | अपुग रकम व्यहोर्ने श्रोत |
|---|---|---|---|---|---|---|
| | | प्रदेश अनुदान रकम | नगरपालिकाले व्यहोर्नुपर्ने रकम | | | |
| १ | अरनिको राजमार्ग देखि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रसम्मको सडक स्तरोन्नती-११ | १,५०,००,०००। | १,५०,००,०००। | ३,५१,०३,८२६।३६ | ५१,०३,८२६।३६ | आन्तरिक श्रोत |
| २ | चण्डेश्वरी भित्ती गाउँ द्वयबास सडक स्तरोन्नती-३ र ५ | १,५०,००,०००। र प्रदेश सशर्त रु. ३०,००,०००। | १,५०,००,०००। | ४,०८,२१,६२३।६१ | ७८,२१,६२३।६१ | आन्तरिक श्रोत |

३. बनेपा नगरपालिका क्षेत्रभित्र काभ्रे उपत्यका खानीपानी बोर्ड प्रणाली अन्तर्गतबाट उपलब्ध हुने पानी उपयोग गर्ने गरी नयाँ धारा जडानको माग अत्यधिक बढेको सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) साविक देखि वितरण लाइन रहेका क्षेत्रहरुमा मात्र उल्लेखित प्रणाली मार्फत उपलब्ध हुने पानी वितरण हुने गरी नयाँ धारा जडान गर्न निवेदन प्राप्त गरी कार्यान्वयन गर्ने,

ख) धारा जडान गर्दा खनिएको बाटो (सडक) मर्मतका लागि निवेदन दिने हरेक निवेदकबाट रु. ५,०००। का दरले धरौटी रकम सम्बन्धित वडाले उठाई सोको अभिलेख राख्ने,

ग) नयाँ धारा जडान गर्दा लाग्ने जडान शुल्क रु. १०,०००। यस अगाडी बुझाउनेहरुका हकमा साविकको रसिदको प्रतिलिपि लिई अभिलेख राख्ने र साविकमा नबुझाउनेको हकमा प्रति ग्राहक रु. १०,०००। जडान शुल्क लिई सोको छुट्टै अभिलेख राख्ने,

घ) नयाँ धारा जडान सम्बन्धी काम हेर्न नगरपालिकामा छुट्टै डेस्कको व्यवस्था मिलाउने ।

४. बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८, बसपार्क स्थित शौचालय आ.व. २०८०।०८१ को लागि सञ्चालन गर्न ठेक्कामा दिन भएको कारबाहीका क्रममा वार्षिक रु. २६,६४,०३६। अंक कबोल गर्ने का.प.जि. रोशी गाउँपालिका वडा नं. ११ बस्ने महेन्द्र तामाङ्गको बोलपत्र स्वीकृत गर्ने निर्णय भई सोही

अनुसार निजलाई जानकारी गराइएकोमा निजले रु. १९,५०,०००। को बैंक ग्यारेन्टी पेश गरी हालसम्म अघिल्लो आ.व. मा निर्धारित कुल कबोल अंकका दरले २०८० साल साउन र भाद्र महिनाको रकम रु. ३,८३,४५६। नगदै समेत दाखिला गरी सकेको हुँदा बाँकी अवधिका लागि कुल रु. २२,८०,५८०। मात्र वार्षिक कबोल अंक कायम गरी हिसाब मिलान गरी संझौता गरी पाउँ भनि निवेदन गरेकाले निजले राखेको बैंक ग्यारेन्टी रकमबाट कट्टी गरी हुन आउने बाँकी रकम नगद बुझाउने गरी निजसंग संझौता गरी कार्यादेश दिने निर्णय गरियो ।

५. नेपाल पुलिस स्कूल, साँगाको मिति २०८०।६।७ को पत्रबाट उक्त विद्यालयको व्यवसाय दर्ता तथा बक्यौता रकम बुझाउने सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालयमा पत्राचार भई रहेको हुँदा हाललाई आधारभूत तह कक्षा ८ को ग्रेडसिट र सर्फिफिकेट उपलब्ध गराई दिन भनि लेखी आएका सम्बन्धमा छलफल हुँदा नियमानुसार उक्त विद्यालय यस नगरपालिकामा दर्ता गर्ने तथा सम्पत्तिकर तथा मालपोत लगायतका कर दस्तुर अविलम्ब बुझाउने गरी हाललाई अन्तिम पटक उक्त विद्यालयमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरुको ग्रेडसिट र सर्फिफिकेट उपलब्ध गराउने निर्णय गरियो ।

६. चालु आ.व. २०८०।०८१ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कोल्ड स्टोर निर्माण सम्बन्धी योजना कार्यान्वयनका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा का.प.जि. बनेपा नगरपालिका वडा नं. ४ मा पर्ने जिल्ला पशु सेवा शाखा, काभ्रेका नाममा दर्ता रहेको कि.नं. ११२५ क्षे.फ. ०-१२-०-० भएको जग्गामा कोल्ड स्टोर निर्माण गर्न उपयुक्त हुने देखिएकोले सोही बमोजिम जग्गा उपलब्ध गराई दिन भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धुलिखेलमा पत्राचार गरी कार्वाही अगाडी बढाउने निर्णय गरियो ।

७. बनेपा नगरपालिका ३ नं. वडा कार्यालयको मिति २०८०।६।८ को पत्रबाट चालु आ.व. २०८०।०८१ को नगर स्तरीय योजनामा समावेश भएको रु. १०,००,०००। बजेट भएको टन्चोक गुम्बा योजनाको नाम संसोधन गरी पेमा छोइङ गुम्बा भवन निर्माण, बनेपा ३ हुने गरी संसोधन हुन भनि लेखि आएका सम्बन्धमा छलफल हुँदा उक्त योजनाको नाम वडाबाट सिफारिस भए बमोजिम पेमा छोइङ गुम्बा भवन निर्माण, बनेपा ३ कायम गर्ने निर्णय गरियो ।

८. बनेपा नगरपालिका वडा नं. ८ कार्यालयको मिति २०८०।६।५ को पत्रबाट उक्त वडा अन्तर्गत आधारभूत स्वास्थ्य कार्यालयमा रिक्त रहेको कार्यालय सहयोगी नियुक्त गरी कार्य सञ्चालन गर्न वडा समितिको सिफारिस सहित माग भएकाले वडा समितिको निर्णयानुसार आवश्यक प्रक्रिया पुरा गरी कार्यान्वयन गर्ने र स्वास्थ्य केन्द्रहरुमा कार्यालय सहयोगी रिक्त हुँदा महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्राथमिकता दिई काममा लगाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

९. का.प.जि. बनेपा नगरपालिका वडा नं. ९ मा ठेगाना रहेर दर्ता रहेको आले इन्फास्ट्रक्चर प्रा.लि. का तर्फबाट "घ" वर्गको इजाजतपत्र पाउँ भनि दिएको निवेदन उपर छलफल हुँद सो सम्बन्धी कार्यविधि बमोजिम आवश्यक प्रक्रिया पुरा भई पेश भएको देखिएकोले उक्त फर्मलाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

१०. मित्रराष्ट्र जापानको गोत्सु नगरपालिकाको निमन्त्रणमा यस नगरपालिकाका नगर प्रमुखज्यूको नेतृत्वमा रहेको दश सदस्सीय प्रतिनिधि मण्डलबाट मिति २०८० साल अशोज १२ गते देखि हुन लागेको मैत्री पूर्ण भ्रमण कार्यक्रमको पूर्ण सफलताका लागि शुभकामाना व्यक्त गर्ने निर्णय गरियो ।

११. संघीय अनुदान अन्तर्गत नियुक्त भई कार्यरत शिक्षकहरुलाई अवकाश दिने भनि नगर शिक्षा समितिबाट भएको निर्णय अनुसार अवकाश हुने शिक्षकहरुलाई २०८० साल साउन १ गते देखि २०८० साल असोज मसान्तसम्मको सेवा सुविधा नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने व्यवस्था मिलाई उक्त मिति पश्चात अवकाश दिने निर्णय गरियो ।

१२. चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रममा स्वीकृत उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुका हकमा मिति २०८० साल मंशिर मसान्त भित्रमा उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन प्रारम्भ गर्ने र अघिल्लो आ.व. मा स्वीकृत भई कार्यान्वयमा रहने गरी म्याद थप भएका योजनाहरुका हकमा समेत मिति २०८० साल मंशिर भित्र कार्यसम्पन्न गरी भुक्तानीका लागि पेश गरिसक्ने निर्णय गरियो ।

...प्रमुख प्रशासकीय अधिकृत